## भावुक आत्मा तथा ज्ञानी आत्माको लक्षण

आज बापदादा सबै बच्चाहरूलाई हेरिरहनु भएको छ– कुन बच्चाहरू भावनाले बाबाको पासमा पुगेका छन्, कुन बच्चाहरू परिचय प्राप्त गर्न अर्थात् बन्नको लागि पुगेका छन्। दुवै प्रकारका बच्चाहरू बाबाको घरमा पुगेका छन्। भावनावाला भावनाको फल यथाशक्ति खुशी, शान्ति, ज्ञान वा प्रेमको फल प्राप्त गरेर यसैमा खुशी हुन्छन्। फेरि पनि भक्तिको भावना र अहिले बाबाको परिचयद्वारा बाबा वा परिवारप्रति भावना यसमा अन्तर छ। भक्तिको भावना अन्धश्रद्धाको भावना हो। इनडायरेक्ट मिल्ने भावना, अल्पकालको स्वार्थको भावना हो। वर्तमान समय ज्ञानको आधारमा जो बच्चाहरूको भावना छ, त्यो भक्ति मार्ग भन्दा अति श्रेष्ठ छ किनकि इनडायरेक्ट देव आत्माहरूद्वारा होइन, डायरेक्ट बाबा प्रति भावना छ, परिचय छ तर भावना पूर्वक परिचय र ज्ञानद्वारा पहिचान... यसमा अन्तर छ। ज्ञानद्वारा परिचय अर्थात् बाबा जो हुनु हुन्छ, जस्तो हुनु हुन्छ, म पनि जो हुँ जस्तो हुँ त्यसै विधिपूर्वक चिन्नु अर्थात् बाबा समान बन्नु। चिनेका त सबैले छन् तर भावना पूर्वक वा ज्ञानको विधि पूर्वक... यस अन्तरलाई बुझ्नु पर्छ। आज बापदादा कति बच्चाहरूको भावना हेरिरहनु भएको छ। भावनाद्वारा पनि बाबालाई चिन्नाले वर्सा त प्राप्त गरि नै हाल्छन्। तर सम्पूर्ण वर्साको अधिकारी र वर्साको अधिकारी– यो अन्तर हुन्छ। स्वर्गको भाग्य वा जीवन मुक्तिको अधिकार भावनावाला र ज्ञानवाला दुवैलाई मिल्छ। केवल पदको प्राप्तिमा अन्तर हुन्छ। बाबा शब्द दुवैले नै भन्छन् र खुशीले भन्छन् त्यसैले बाबा भन्नु अर्थात् मान्नुको फल वर्साको प्राप्ति त हुनु नै छ। जीवनमुक्तिको अधिकारको हकदार त बन्छन् तर अष्ट रत्न, १०८ विजयी रत्न, १६ हजार र फेरि ९ लाख। कति अन्तर भयो! माला १६ हजारको पनि छ र १०८ को पनि छ। १०८ मा ८ विशेष पनि हुन्छन्। मालाको दाना त सबै बन्छन्। भन्न त दुवैलाई दाना भनिन्छ नि! १६ हजारको मालाको दाना पनि खुशी र नशाले भन्छन्– मेरो बाबा र मेरो राज्य। राज्य पदमा राज्य तख्तको अधिकारी र राज्य घरानाको अधिकारी र राज्य घरानाको सम्पर्कमा आउने अधिकारी, यो अन्तर हुन्छ। भावुक आत्माहरू र ज्ञानी आत्माहरू दुवैलाई नशा रहन्छ। धेरै राम्रो प्रभु प्रेमको कुरा सुनाउँछन्। प्रेम स्वरूपमा दुनियाँको सुधबुध पनि भुल्छन्। मेरो त एक बाबा, यस लगनको गीत पनि राम्रो गाउँछन् तर शक्ति रूप हुँदैनन्। खुशीमा पनि धेरै देखिन्छन् तर यदि सानो मायाको विघ्न आयो भने भावुक आत्माहरू आत्तिन्छन् पनि धेरै छिटो किनकि ज्ञानको शक्ति कम हुन्छ। भर्खरै हेर्दा धेरै मौजमा बाबाको गीत गाइरहेका छन् र भर्खरै मायाको सानो आक्रमणमा पनि खुशीको गीत गाउनुको सट्टा के करूँ, कसरी करूँ, के होला, कसरी होला! यस्ता के-केको गीत गाउन पनि कम हुँदैनन्। ज्ञानी आत्माहरू सदा स्वयंलाई बाबा सँग रहने मास्टर सर्वशक्तिवान् सम्झिनाले मायालाई पार गर्छन्। के, किनको गीत गाउँदैनन्। भावुक आत्माहरू केवल प्रेमको शक्तिले अघि बढिरहन्छन्। माया सँग सामना गर्ने शक्ति हुँदैन। ज्ञानी आत्मा समान बन्ने लक्ष्यले सर्व शक्तिको अनुभव गरेर सामना गर्न सक्छन्। अब आफैं सँग सोध– म को हुँ! भावुक आत्मा हुँ या ज्ञानी आत्मा हुँ? बाबाले त भावनावाला आत्मालाई देखेर पनि खुशी हुनु हुन्छ। मेरो बाबा भन्नाले अधिकारी त भइ नै हाल्यौ र अधिकार लिन पनि हकदार भयौ। पूरा लिने वा थोरै लिने... त्यो पुरुषार्थ अनुसार जति झोली भर्न चाह्यो त्यति भर्न सक्छौ किनकि मेरो बाबा– यो चाबी त लगायौ हैन? अरू कुनै चाबी छैन किनकि बापदादा सागर हुनु हुन्छ नि। अखुट छ, बेहद छ। लिनेहरू थाक्छन्। दिनेवाला थाक्नु हुन्न किनकि उहाँलाई मेहनत नै के गर्नु पर्छ र। दृष्टि दियो अनि अधिकार दियो। मेहनत त लिनेहरूलाई पनि छैन, केवल अलबेलापनको कारण गुमाइदिन्छन्। र, फेरि आफ्नो कमजोरीको कारण गुमाएर फेरि पाउनको लागि मेहनत गर्नु पर्छ। गुमाउनु पाउनु, पाउनु गुमाउनु– यस मेहनतको कारण थाक्छन्। खबरदार, होसियार भएमा सदा प्राप्ति स्वरूप हुन्छौ। जस्तै सत्ययुगमा दासीहरू सदा अगाडि-पछाडि सेवाको लागि साथमा रहन्छन्। त्यस्तै ज्ञानी आत्मा बाबा समान श्रेष्ठ आत्माको, अहिले पनि सर्व शक्ति, सर्व गुणले सेवाधारीको रूपमा सदा साथ निभाउँछन्। जुन शक्तिको आह्वान गर, जुन पनि गुणको आह्वान गर– जो हाजिर। यस्तो स्वराज्य अधिकारी विश्वको राज्य अधिकारी बन्छन्। त्यसैले मेहनत त लाग्दैन नि! हर शक्ति, हर गुणद्वारा सदा विजयी हौं नै, यस्तो अनुभव गर्छन्। जस्तै ड्रामामा देखाउँछौ नि। रावणले आफ्ना साथीहरूलाई ललकार गर्छ र ब्राह्मण आत्मा, स्वराज्य अधिकारी आत्माले आफ्नो शक्ति र गुणहरूलाई ललकार गर्छन्। यस्तो स्वराज्य वा समयमा यो शक्ति कार्यमा लगाउन सक्दैन। कमजोर राजालाई कसैले मान्दैन। राजालाई प्रजाको मान्नु पर्ने हुन्छ। बहादुर राजाले सबैलाई आफ्नो अर्डरले

चलाएर राज्य प्राप्त गर्छन्। त्यसैले सहजलाई मुश्किल बनाउने अनि फेरि थाक्नु, यो अलबेलापनको निशानी हो। नाम राजा तर अर्डरमा कोही छैनन्, यसलाई के भनिन्छ! कतिले भन्छन् नि मैले बुझेको पनि हो– सहन शक्ति हुनु पर्छ तर पछाडि याद आयो। त्यतिबेला सोचेर पनि सहन शक्तिद्वारा कार्य गर्न सक्दैनौ। यसको मतलब बोलायौ अहिले तर आयो भोलिपल्ट। के अर्डरमा भयो त! यस्तो हुनु मतलब आफ्नो शक्ति अर्डरमा छैनन्। सेवाधारीले समयमा सेवा नगरुन्, यस्तो सेवाधारीलाई के भन्ने? त्यसैले सदा स्वराज्य अधिकारी बनेर सर्व शक्तिहरूलाई, गुणहरूलाई, स्व प्रति र सर्व प्रति सेवामा लगाऊ। बुझ्यौ! केवल भावुक नबन, शक्तिशाली बन। अच्छा!

भेराइटी प्रकारका आत्माहरूको मेला देखेर खुशी भइरहेका छौ नि! मधुबन निवासीले कति मेलाहरू देख्छन्! कति भेराइटी ग्रुप्स आउँछन्। बापदादा पनि भेराइटी फूलबारीलाई देखेर हर्षित हुनु हुन्छ। आयौ, धेरै राम्रो। शिवको बरियाँतको गायन जुन छ, त्यो देखिरहेका छौ नि! बाबा-बाबा भन्दै सबै चलि त रहेका छन् नि। मधुबन त पुग्यौ। अब सम्पूर्ण लक्ष्यमा पुग्नु छ। अच्छा–

सदा श्रेष्ठ अधिकार प्राप्त गर्ने विजयी आत्माहरूलाई, सदा आफ्नो अधिकारद्वारा, सर्व शक्तिद्वारा सेवा गर्ने शक्तिशाली आत्माहरूलाई, सदा राज्य तख्त अधिकारी बन्ने अधिकारी आत्माहरूलाई बापदादाको याद-प्यार एवं नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**अलग-अलग पार्टीहरू सँग  अव्यक्त बापदादाको भेटघाट**

**पंजाब जोन सँग: –** १) सबै पंजाब निवासी महावीर हौ नि! डराउनेवाला त हैनौ? कुनै पनि कुराको भय त छैन! सबै भन्दा ठूलो भय हुन्छ मृत्यु सँग। तिमीहरू सबै त हो नै मरेका। मरेकालाई मर्ने के डर! मृत्यु सँग डर तब लाग्छ, जब सोचिन्छ– अब यो गर्नु छ, यो गर्नु छ, तर त्यो पूर्ति हुँदैन त्यसैले मृत्यु सँग भय हुन्छ। तिमीले त सबै कार्य पूरा गरेर एवररेडी छौ। यो पुरानो चोला छोड्नको लागि एवररेडी छौ नि। त्यसैले डर छैन। बरू जो भयभीत आत्माहरू छन्, उनीहरूलाई पनि शक्तिशली बनाउनेवाला, दु:खको समयमा सुख दिनेवाला आत्मा हौ। सुखदाताका बच्चा हौ। जस्तै अन्धकारमा बत्तीले उज्यालो हुन्छ। त्यस्तै दु:खको वातावरणमा सुख दिनेवाला तिमी श्रेष्ठ आत्माहरू हौ। त्यसैले सदा यो सुख दिने श्रेष्ठ भावना रहन्छ। सदा सुख दिनु छ, शान्ति दिनु छ। शान्तिदाताका बच्चाहरू शान्ति देवा हौ। त्यसैले शान्ति देवा को हो? एक्लै बाबा मात्र हुनु हुन्न, तिमीहरू सबै पनि हौ। त्यसैले शान्ति दिनेवाला शान्ति देवा– शान्ति दिने कार्य गरिरहेका छौ नि! अरूले सोध्छन्– तपाईंहरूले के सेवा गर्नु हुन्छ? तिमीले सबैलाई यही भन– यस समय जुन विशेष कुराको आवश्यकता छ, त्यो कार्य हामीले गरिरहेका छौं। ठीक छ, कपडा पनि दिन्छन्, अन्न पनि दिन्छन्, तर सबै भन्दा आवश्यक चीज हो शान्ति। त्यसैले जुन सबैको लागि आवश्यक चीज छ, त्यो हामीले दिइरहेका छौं, यो भन्दा ठूलो सेवा अरू के हुन सक्छ? मन शान्त छ भने धन पनि काममा आउँछ। मन शान्त छैन भने धनको शक्तिले पनि बेचैनी गर्छ। अब यस्तो शान्तिको शक्तिशाली लहर फैलाऊ जुन सबैले अनुभव गरून्– सारा देशमा यो शान्तिको स्थान हो। एक अर्को सँग सुनून् र अनुभव गर्नको लागि आउन्। दुई घडी जाँदा पनि यहाँ धेरै शान्ति मिल्छ– यस्तो आवाज फैलियोस्। शान्तिको कुना यही सेवा स्थान हो, यो आवाज फैलिनु पर्छ। जति नै अशान्त आत्मा होस्। जस्तै रोगी हस्पिटलमा पुग्छ, त्यस्तै यो अनुभव होस्– अशान्तिको समय यस शान्तिको स्थानमा नै जानु पर्छ। यस्तो लहर फैलाऊ। यो कसरी फैलिन्छ? यसको लागि १-२ आत्माहरूलाई पनि बोलाएर अनुभव गराऊ। एकबाट एक, एकबाट एक यस्तो फैलिदै जान्छ। जो अशान्त छन्, उनीहरूलाई खास बोलाएर पनि शान्तिको अनुभव गराऊ। जति पनि सम्पर्कमा आउँछन्, उनीहरूलाई यो सन्देश देऊ– शान्तिको अनुभव गर्नुहोस्। पंजाबले विशेष यो सेवा गर्नु पर्छ। अहिले आवाज बुलन्द गर्ने मौका छ। अहिले भड्किइरहेका छन्, कुनै स्थान हुनु पर्छ। कुन स्थान हो... त्यो परिचय छैन, खोजिरहेका छन्। एक ठेगानाबाट त भड्किसके, बुझिसके– यो ठेगाना होइन। यस्ता भड्किएका आत्माहरूलाई अब सहज ठेगाना दिन सक्दैनौ? यस्तो सेवा गर। कर्फ्यू होस्, केही पनि होस्, सम्पर्कमा त आउँछौ नि। सम्पर्कमा आउनेलाई अनुभव गरायौ भने यस्ता आत्माहरू आवाज फैलाउँछन्। उनलाई एक दुई घण्टा पनि योग शिविर गराऊ। यदि थोरै पनि शान्तिको अनुभव गरे भने धेरै खुशी हुने छन्, आभारी हुने छन्। जब लक्ष्य हुन्छ– मैले गर्नु छ तब बाटो पनि मिल्छ। यस्तो नाम प्रत्यक्ष गरेर देखाऊ। जति पंजाबको धरनी कडा छ, त्यति नरम गर्न सक्छौ।

अच्छा–

२) सदा आफूलाई फरिश्ता अर्थात् डबल लाइट अनुभव गर्छौ? यस संगमयुगको अन्तिम स्वरूप फरिश्ता हो नि। ब्राह्मण जीवनको प्राप्ति हो नै फरिश्ता जीवन। फरिश्ता अर्थात् जसको कुनै देह र देहको सम्बन्धमा रिश्ता छैन। देह र देहको सम्बन्ध, सबै सँगको रिश्ता समाप्त भयो या अलिकति अल्झेको छ? यदि थोरै सूक्ष्म लगावको डोरी छ भने उड्न सक्दैनौ, तल आउँछौ। त्यसैले फरिश्ता अर्थात् कुनै पनि पुरानो रिश्ता छैन। जब जीवन नै नयाँ हो त्यसैले सबैथोक नयाँ हुन्छ। संकल्प नयाँ, सम्बन्ध नयाँ। कर्तव्य पनि नयाँ। सबै नयाँ हुन्छ। अब पुरानो जीवन सपनामा पनि स्मृतिमा आउन सक्दैन। यदि थोरै पनि देह भान आउँछ भने पनि रिश्ता छ तब आउँछ। यदि रिश्ता छैन भने बुद्धि जान सक्दैन। विश्वमा यतिका आत्माहरू छन्, उनीहरू सँग रिश्ता छैन त्यसैले याद आउँदैन नि। याद उही आउँछ, जो सँग रिश्ता छ। त्यसैले देहको भान आउनु अर्थात् देहको रिश्ता छ। यदि देह सँग अलिकति पनि लगाव रह्यो भने उड्छौ कसरी! बोझिलो चीजलाई जति नै माथि फ्याक फेरि पनि तल आउँछ। त्यसैले फरिश्ता मतलब हल्का, कुनै बोझ हुँदैन। मरजीवा बन्नु अर्थात् बोझबाट मुक्त हुनु। यदि थोरै पनि केही रहेको छ भने छिटो-छिटो समाप्त गर। नत्र जब समयको सीटी बज्ने छ, सबै उड्न थाल्छन् तर बोझवाला तल नै रहने छ। बोझवाला उड्नेलाई हेर्नेवाला हुन्छ। त्यसैले यो चेक गर– कुनै सूक्ष्म डोरी त बाँकी रहेको छैन। बुझ्यौ? त्यसैले आजको विशेष वरदान याद राख– निर्बन्धन फरिश्ता आत्मा हुँ। बन्धनमुक्त आत्मा हुँ। फरिश्ता शब्द कहिल्यै नभुल। फरिश्ता सम्झिनाले उड्छौ। वरदाताको वरदान याद राख्यौ भने सदा मालामाल रहन्छौ।

३) सदा आफूलाई शान्तिको सन्देश दिनेवाला सन्देशी सम्झन्छौ? ब्राह्मण जीवनको कार्य हो सन्देश दिनु। कहिल्यै यस कार्यलाई भुलेका त छैनौ नि? सधैं चेक गर– म श्रेष्ठ आत्माको जुन श्रेष्ठ कार्य छ, त्यो कहाँसम्म गरें! कतिलाई सन्देश दिएँ? कतिलाई शान्तिको दान दिएँ? सन्देश दिनेवाला महादानी, वरदानी आत्मा हौ। कति टाइटल छन् तिम्रो? आजको दुनियाँमा जति नै ठूलो भन्दा ठूलो टाइटल होस्, तिम्रो अगाडि सबै साना छन्। ती टाइटल दिनेवाला आत्मा हुन्, तर अहिले बाबा बच्चाहरूलाई टाइटल दिनु हुन्छ। त्यसैले आफ्नो भिन्न-भिन्न टाइटलहरूलाई स्मृतिमा राखेर त्यसै खुशी, त्यसै सेवामा सदा रहने गर। टाइटलको स्मृतिद्वारा सेवा स्वतः स्मृतिमा आउँछ। अच्छा–

**वरदानः–** **एकाग्रताको शक्तिद्वारा परवश स्थितिलाई परिवर्तन गर्ने अधिकारी आत्मा भव**

ब्राह्मण अर्थात् अधिकारी आत्मा कहिल्यै कसैको परवश हुन सक्दैन। आफ्नो कमजोर स्वभाव संस्कारको पनि वशमा हुँदैन किनकि स्वभाव अर्थात् स्वयं प्रति र सर्वप्रति आत्मिक भाव छ भने कमजोर स्वभावको वश हुन सक्दैनौ र अनादि आदि संस्कारहरूको स्मृतिले कमजोर संस्कार पनि सहज परिवर्तन हुन जान्छ। एकाग्रताको शक्तिले परवश स्थितिलाई परिवर्तन गरेर मालिकपनको स्थितिको सीटमा सेट गरिदिन्छ।

**स्लोगनः–** क्रोध ज्ञानी आत्माको लागि महाशत्रु हो।